दर्ता नं.४७/०६०/०६१
कोड नं. CHI/JU/16/01
# श्री उदयपुर सामुदायिक वन उपभोक्ता समूह
कालिका न.पा.-७, चितवन
स्था.-२०६०
फोन नं. : ९८५५०२०८७४

प.सं.:-
च.नं.:-
मिति २०७८।०१।०८

## प्रेस विज्ञप्ती

औद्योगिक क्षेत्र व्यवस्थापन लि., चितवन उद्योग संघ, जिल्ला र नगर स्तरीय राजनीतिक दल, कालिका नगरपालिका र यस उदयपुर सामुदायिक वन समेत संयुक्त बैठक बसी चितवनको औद्योगिक क्षेत्रको विषयमा कालिका नगरपालिकाको उदयपुर सामुदायिक वन क्षेत्र भित्र औद्योगिक क्षेत्र व्यवस्थापन गर्ने सम्बन्धमा उदयपुर सामुदायिक वनको नेपाल सरकारबाट हस्तान्तरित क्षेत्र र विभिन्न मठ, मन्दिर, खानेपानी, खेलकुद मैदान, विभिन्न जातिको समाधिस्थलहरुलाई कायम राखी अरु बाँकी क्षेत्रफललाई औद्योगिक क्षेत्र व्यवस्थापन गर्न भनी संयुक्त बैठकमा छलफल गरी निर्णय समेत भएको र सामुदायिक वनले उठाएको मागलाई सम्वोधन एवम् सुनिश्चित हुने गरी नापी कार्य अगाडि बढाउने निर्णय भएकोले हाल सो निर्णयहरु कार्यान्वयन नभएकोले उदयपुर सामुदायिक वनको ध्यानाकर्षण भएको छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लि., चितवन उद्योग संघ, जिल्ला तथा नगर स्तरीय राजनीतिक दल र यस उदयपुर सामुदायिक वन बीच भएको निर्णय बमोजिम औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले सार्वजनिक गरेको नक्सामा माथि उल्लेख गरे अनुसार सामुदायिक वन (हस्तान्तरित क्षेत्र) उदयपुर पार्क, समाधिस्थल, खानेपानी मुहान तथा विभिन्न धार्मिक क्षेत्रहरुको सुनिश्चित गरी नक्सा सुधार गरी बाँकी कार्यहरु अगाडि बढाउन अनुरोध छ साथै सो बमोजिम नभई अन्यथा भएमा हाम्रो संस्थाको उपभोक्ताहरुको सुझाव अनुसार संघर्षका लागि तयार भई अगाडि बढ्नुपर्ने हुँदा पुन: सम्बन्धित निकाय तथा राजनीतिककर्मीहरु समेतलाई सुझाव दिँदै चरणबद्ध अगाडि बढ्न बाध्य हुने छौं ।

अध्यक्ष
(केशव लामा)
उदयपुर सामुदायिक वन उ.स.
कालिका-७, चितवन